**नेपाली / *NEPALI***

**बाट:** कुलपतिको कार्यालय

**लागि:** विद्यार्थी, संकाय, र कर्मचारीहरू

**विषय:** यो गर्मी महिनामा के अपेक्षा गर्ने

**मिति:** अप्रिल १९, २०२१

*यस सन्देशमा समेटिएको छ*

- *गर्मी महिनामा परीक्षण र भवन पहुँच*
- *क्याम्पस पाहुनाहरूका लागि खोल्ने*
- *खोप लगाउने योजना बनाउने*

जब हामी सेमेस्टरको अन्तिम हप्ताहरूमा पुग्दैछौं, हामी तपाईंलाई *COVID-19* प्रोटोकोल पालना गरेर हाम्रो समुदायको स्वास्थ्य र सुरक्षालाई समर्थन गर्नका लागि गरेका सबै कुराको लागि धन्यवाद दिन चाहन्छौं।

यो महत्त्वपूर्ण छ कि हामी यी प्रोटोकलहरू सेमेस्टर सक्किउञ्जेलसम्म पालना गर्न जारी राखौं ताकि हामी यो शैक्षिक वर्ष सुरक्षित रूपमा सकौँ र स्नातक विद्यार्थीहरू मे ८ मा व्यक्तिगत रूपमा समारोहको लागि *Camp Randall* फर्कन सकुन्।

मिलेर काम गर्दा, जसरी हामीले सेमेस्टर भरी गरेका थियौँ, हामीले दह्रो तरिकामा सक्न सक्नेछौं। हाम्रो भर्खरको केस गणना स्थिर रहेको छ, र उल्लेखनीय रूपमा, लगभग २३,००० कर्मचारी र विद्यार्थीहरूले, कि त *UHS* बाट वा क्याम्पस बाहिरबाट, कम्तिमा खोपको एउटा डोज पाएक छन्।

**गर्मी महिनाहरूतर्फ अगाडि हेर्दै**

गर्मी नजिकिँदै गर्दा, र शरद ऋतुको लागि क्याम्पसमा हाम्रो फर्कने योजना बनाउँदै, क्याम्पसमा केही गतिविधिहरू वसन्त सेमेस्टरको अन्त्य पछि बदल्नेछन्।

यी परिमार्जनहरूलाई बढेका खोपको दरहरू र राम्रो मौसमको कारण बाहिर हुन सकिने बढ्दो अवसरहरूले जानकार गराउँदछन। मानव संसाधन कार्यालयले हाल घरैबाट काम गरिरहेका कर्मचारीहरूको लागि क्याम्पसमा फिर्ता आउने सम्बन्धी थप विवरणहरू प्रदान गर्नेछ। पछिल्ला बर्ष भरी भए जस्तै, हाम्रो दृष्टिकोणहरो जनस्वास्थ्य प्रवृत्तिको प्रतिक्रियाको रूपमा बदलिन्छन्।

***तपाईंलाई यी बदलहरूले पूर्ण सारांश पढ्न आमन्त्रित गर्दछौं, तर मुख्य जानकारी तल दिइएको छ।***

**भवन/परिसर पहुँच**

यो सोमबार, मे १० देखि प्रभावकारी, क्याम्पस भवन र परिसरहरूको पहुँच अब खास ठाउँ, कार्यक्रम, वा अन्य व्यक्तिगत क्रियाकलापको निरीक्षण गर्नेहरूले आवश्यक नगरेसम्म, हरियो/भवन पहुँच स्वीकृत गरिएको *Badger Badges* मा सीमित हुनेछैन।

- क्याम्पस परिसरहरूको पहुँच अब *Badger Wellness Ambassadors* ले निरीक्षण गर्ने छैनन्।
- त्यहीपनि, हरियो *Badger Badge* क्याम्पस समुदायका सदस्यहरूलाई विशेष ठाउँ, कार्यक्रम, वा अन्य व्यक्तिगत गतिविधिहरूमा पहुँच गर्न विशेष रूपमा आवश्यक हुन सक्दछ। आगन्तुक र पाहुनाहरू, जसले *Safer Badgers app* चलाउन सक्दैनन्, यी ठाउँ, कार्यक्रम वा अन्य व्यक्तिगत गतिविधिहरूमा भाग लिन सक्ने छैनन्। तल उल्लेख गरिए अनुसार, हरियो *badge* नियमित *COVID* परीक्षण वा खोपको प्रमाणद्वारा पाउन सकिन्छ।
- **हामीले कम ठाउँहरूमा प्रवेश गर्न *Badger Badge* चेक गर्न आवश्यक पर्ने आशा गरेतापनि, हामी क्याम्पस समुदायका सबै सदस्यहरूले यो गर्मी महिनाहरू भरी कुनै सीमा बिना सबै परिसरा र कार्यक्रमहरू पहुँच गर्न सकुन् भन्ने कुरा सुनिश्चित गर्न आफ्नो *Badger Badge* हरियो/भवन पहुँच स्वीकृत कायम राख्नुहुने आशा गर्दछौं। यो नियमित परीक्षण वा खोप लगाएको प्रमाण मार्फत गर्न सकिनेछ।**

### परीक्षण र *Safer Badgers app*

हामी हाम्रो क्याम्पस समुदायको लागि क्याम्पसमा, खर्च नलाग्ने परीक्षणका साथसाथै *Safer Badgers app* को उपयोग गर्न जारी राख्ने कुराको समर्थन गर्न जारी राख्नेछौं। सोमबार, मे १० देखि शुरू गर्दै, परीक्षण र *badging* यसरी चल्नेछन्:

- हाम्रो क्याम्पस समुदायका सदस्यहरूको लागि परीक्षण उपलब्ध हुनेछ जसमा जुन २०२१ वसन्त सेमेस्टरमा भर्ना भएका विद्यार्थीहरू, उनीहरूको गर्मी महिनाहरूमा भर्नाको स्थितिलाई ध्यान नदिइ, पनि समावेश छन्।
- सबै परीक्षणहरू *PCR* मा आधारित नाकबाट नमूना निकाल्ने, समय नबनाइ जान मिल्ने आधारमा कमसेकम तीनवटा स्थलहरूमा, जसमध्ये एउटा गाडिबाट परीक्षण गर्न मिल्ने विकल्प समावेश भएको हुनेछन्। गर्मी महिनाका परीक्षण स्थलहरूका बारेमा चाँडै थप जानकारीको लागि हेर्दै गर्नुहोला।
- सबैजनाले *Badger Badge* मा हरियो/भवन पहुँच स्वीकृत कायम राख्न हरेक हप्ता एक पटक परीक्षण गर्नुपर्दछ। *undergraduate* हरूका लागि, यो वसन्त सेमेस्टरमा आवश्यक भन्दा कम हो, तर गर्मीका लागि *undergraduate* विद्यार्थी परीक्षण समयसीमालाई कर्मचारी र *graduate* विद्यार्थीहरूको लागि पहिले नै निर्धारित समयसीमा परीक्षणको साथ मिलाउँदछ। **यदि विद्यार्थी र कर्मचारीहरूले पूरा रूपमा खोप लगाएका छैनन् र हरियो भवन पहुँच स्वीकृत स्थिति आवश्यक ठाउँहरू पहुँच गर्न आवश्यक पर्दछ भने, उनीहरूले गएका ८ दिन भित्र आफ्नोद *Safer Badgers app* नेगेटिभ परीक्षण भएको देखाउनु पर्दछ।**
- पूरा रूपमा खोप लगाएका व्यक्तिहरूलाई नियमित क्याम्पस परीक्षणबाट छूट दिइन्छ, तर उनीहरूले *COVID-19* को लक्षणहरू देखिएमा परीक्षण गर्ने अपेक्षा गरिन्छ।

### पाहुनाहरू

हामी बिस्तारै मे १० बाट आउने गर्मी महिनाहरूमा क्याम्पसमा बढी पाहुनाहरूलाई आउन अनुमति दिनेछौं।

- क्याम्पस भवन र परिसरहरूको पहुँच अब खास ठाउँ, कार्यक्रम, वा अन्य व्यक्तिगत क्रियाकलापको निरीक्षण गर्नेहरूले आवश्यक नगरेसम्म, हरियो/भवन पहुँच स्वीकृत गरिएको *Badger Badges* मा सीमित हुनेछैन।
- *Union Terrace* र *RecWell* सार्वजनिक सदस्यहरूको लागि खुल्नेछन् (परिसरहरूको सीमितताको अधीनमा)। क्याम्पस टुरहरू मे महिनाको अन्त्यमा फेरि शुरू हुनेछन्।

- पाहुना र आगन्तुकहरूलाई पनि विश्वविद्यालयले आयोजना गरेका क्याम्पस भित्र वा बाहिरका कार्यक्रमहरूमा, कार्यक्रम प्रायोजकले उपस्थिति हरियो *Badger Badge* को लागि मात्र सीमित नगरेको खण्डमा उपस्थित हुन अनुमति दिइनेछ।

**कार्यक्रमहरू र क्याम्पस गतिविधिहरू**

**दर्ता भएका विद्यार्थी संगठन (*RSOs*) र स्कूल/कलेज/विभागका लागि हालका नीतिहरू मे १० सम्म प्रभावमा छन्।**

तर सोमबार मे १० मा प्रभावकारी हुने गरी:

- भेला/कार्यक्रमको क्षमताको मार्गनिर्देशन सबै भन्दा भर्खरको *Public Health Madison & Dane County (PHMDC) Emergency Order*, अहिले *PHMDC* आदेश # १५ सँग मिल्ने गरी अपडेट हुनेछन्। यो मार्गनिर्देशन समयसँगै बदल्ने र अपडेट हुने सम्भावना छ।
- खाजापानीको अनुमति छ। कार्यक्रमहरूमा प्रदान गरिएको सबै खाद्यान्न र पेय पदार्थ या त व्यावसायिक रूपमा पहिले नै सिङ्गो प्याकेज गरेको वा विश्वविद्यालय क्याटरिङ्गको कर्मचारीले प्रस्तुत गरेको हुनुपर्दछ। यदि खाना विश्वविद्यालयसँग सम्बद्ध नभएको रेस्टुरेन्ट वा क्याटरिङ्ग कम्पनीले प्रदान गर्दैछ भने, यो सिङ्गो प्याकेजिङ्गमा प्रदान गरिनु पर्दछ।
- सबै इनडोर जमघटहरूका लागि खाँदा वा पिउँदा बाहेक मास्क आवश्यक छ। यदि भौतिक दूरी कायम गर्न सकिन्छ भने बाहिरी जमघटहरूको लागि मास्कहरू आवश्यक पर्दैन।
- पाहुना र आगन्तुकहरूलाई पनि *UW-Madison* ले आयोजना गरेका क्याम्पस भित्र वा बाहिरका कार्यक्रमहरूमा, कार्यक्रम प्रायोजकले उपस्थिति हरियो *Badger Badge* को लागि मात्र सीमित नगरेको खण्डमा उपस्थित हुन अनुमति दिइनेछ।
- तेस्रो-पार्टीका कार्यक्रमहरूलाई (विश्वविद्यालयले आयोजना नगरेका कार्यक्रमहरू) अनुमति दिईने छैन।

**खोप लगाउने**

हामी विद्यार्थी र कर्मचारीहरूलाई क्याम्पसमा वा बाहिर खोप लगाउन प्रोत्साहित गर्दछौं। यदि तपाईं क्याम्पस बाहिर खोप लगाउनु हुन्छ भने, तपाईंका खोपको रेकर्डहरू *MyUHS* मा अपलोड गर्नुहोला: https://go.wisc.edu/vaccination-record

क्याम्पसका पूरा रूपमा खोप लगाएका र फाइलमा स्वीकृत खोप रेकर्ड भएका सदस्यहरूलाई क्याम्पस परीक्षणबाट छूट छ।

**खोप लगाउने योजना बनाउनुहोला।** हरेक हप्ता क्याम्पसमा खोप लगाउने समयको उपलब्धताको लागि *MyUHS portal* हेर्दै गर्नुहोला। **यदि तपाईंले आफ्नो पहिलो खोप *UHS* मा पाउनु भयो भने, आफ्नो दोस्रो डोजको खोपको लागि *UHS* मा फर्कने योजना बनाउनु पर्दछ।**

भर्खरै, *UHS* ले *Moderna* पाएको छ, जुन २८ दिनको दूरीमा दुईवटा डोजको रूपमा दिइन्छ। **कृपया सचेत रहनुहोस् कि यदि तपाईंके तपाईंको पहिलो डोज अहिले लगाउँदै हुनुहुन्छ भने, तपाईंले दोस्रो डोजा शैक्षिक सेमेस्टरको अन्त्यमा**

**लगाउनुपर्नेछ।** केवल खोप प्रदायक जसले तपाईंलाई तपाईंको पहिलो डोज प्रदान गर्ने खोप प्रदायकले मात्र तपाईंको दोस्रो डोजको ग्यारेन्टी दिन सक्दछन्।

**तपाईंले खोपको प्रकार मिसाउनु हुँदैन।** यदि तपाईंको पहिलो डोज *Pfizer* हो भने तपाईंको दोस्रो डोज पनि *Pfizer* नै हुनुपर्दछ। यदि तपाईंको पहिलो डोज *Moderna* हो भने तपाईंको दोस्रो डोज पनि *Moderna* नै हुनुपर्दछ।

**यदि तपाईंले तपाईंको दोस्रो डोज पाउनु अघि क्षेत्र छोड्नुपर्ने भयो भने:**

- **तपाईंलाई दोस्रो डोज मात्र दिन सक्छन् कि सक्दैनन् थाहा पाउनका लागि सकेसम्म चाँडो तपाईंको गन्तव्यका खोप प्रदायकहरूलाई सम्पर्क गर्नुहोस्।**
- यदि तपाईंले सिफारिश गरिएको अन्तरालसम्ममा खोप लगाउन सक्नु भएन भने, तपाईंले आफ्नो दोस्रो डोज पहिलो डोज लगाउनु भएको ४२ दिन भित्रमा लगाउन सक्नुहुनेछ।
- यदि तपाई पछिल्लो ९० दिन भित्र *COVID-19* लागेर निको हुनु भएको छ भने तपाई गर्मी महिनाको गन्तव्य पुग्नु अघि दुईवटा डोजको खोप श्रृंखला लगाउन कुर्न सक्नुहुन्छ। त्यहीपनि, आफैँलाई र अरूलाई *COVID-19* बाट बचाउनको लागि खोप सबैभन्दा विश्वसनीय तरिका रहेको छ।

###